# राणाकालीन नेपालको शिक्षाको संरचना

गणेश धमला
महेन्द्र रत्न क्याम्पस ताहाचल
त्रि. वि. नेपाल

***लेखसार***

*राणा शासनकाललाई शिक्षाको विरोध काल भनिएतापनि त्यतिबेला शिक्षामा उल्लेखनिय विकास भएको थियो । नेपालमा विभिन्न प्रकारका शिक्षा जस्तै संस्कृत शिक्षा, नेपाली भाषा पाठशाला, व्यावसायिक शिक्षा, अंग्रेजी शिक्षा, आधार शिक्षा जस्ता पाठशालाहरु खुलेका थिए । हरेक पाठशाला को फरकफरक पाठ्यवस्तु तयार गरिएको थियो । विदेशबाट समेत शिक्षक झिकाई पठनपाठनको प्रबन्ध मिलाएको थियो । एस.एल.सी. बोर्ड देखि कलेजसम्मको स्थापना गरी ऐतिहासिक कार्य समेत राणाकालमा भएको हो ।*

***मुख्य शब्द :*** *संस्कृत शिक्षा, नेपाली भाषा पाठशाला, व्यावसायिक शिक्षा, अंग्रेजी शिक्षा, आधार शिक्षा*

**परिचय**

नेपालको प्रधानमन्त्री बनिसकेपछि अग्रेजहरूसँग आफ्नो सम्बन्ध निकट बनाउन जंगबाहादुर राणा सन् १८५० जनवरी १५ मा ठूलो दलवलसहित बेलायत प्रस्थान गरेका थिए (के.सी. २०४६: ११४) । भीमसेन थापाको समयमा सामान्य रूपमा सुरुभएको अंग्रेजी शिक्षा जंगबहादुरको समयमा निकै फस्टाएको थियो । आरम्भमा जंगबहादुर पनि पश्चिमी शिक्षाको विकासको पक्षमा थिएनन् । पछि युरोप गएर फर्किएपछि त्यहाँको उन्नति देखेर उनले त्यसको आवश्यकता महसुस गरे । पश्चिमी देशहरूको चौतर्फी विकासको मुख्य कारण शैक्षिक विकास नै हो भन्ने बुझी जंगबहादुरले नेपालमा पश्चिमी शिक्षाको शुरुवात गरेका थिए । सर्वप्रथम उनले आफ्ना छोराछोरी तथा भाईभतिजाहरूलाई पढाउन एक अंग्रेज र एक वंगाली शिक्षक झिकाएर आफ्नो थापाथली दरबार भित्रनै एक स्कूल स्थापना गरेका थिए (खत्री तथा दहाल, २०५३: १००) । सन् १८५४ मा बेलायतबाट भारतको लागि एउटा नयाँ शिक्षा नियम पठाइयो । यसको लोकप्रियता यति व्यापक भयो कि भारतमा धेरै स्कूल कलेज तथा विश्वविद्यालयहरू खुले । यसको प्रभावबाट राणा प्रधानमन्त्री जंगबहादुर पनि मुक्त हुन सकेनन् । जसको परिणाम स्वरूप उनले नेपालमा अंग्रेजी शिक्षा प्रारम्भ गरेका हुन् । उनले आफ्नै छोरा ववरजंग राणालाई शिक्षा निर्देशक बनाएका थिए । सन् १९५३ मा दरबारभित्र नै एक अंग्रेजी स्कूल खोलेका थिए । यही स्कूल पछि गएर दरबार स्कूलको नामले प्रख्यात भयो । जंगबहादुरको समयमा यो स्कूलमा कक्षा ८ सम्म पढाइ हुन्थ्यो ( खत्री तथा दहाल, २०५३: १००) ।

**अध्ययनको समस्या**

राणाकालीन नेपालमा उपत्यका र उपत्यका बाहिर पनि धेरै विद्यालयहरु खुलेका थिए। औपचारिक शिक्षाको विकास त्यतिबेला नै भएको थियो। तर शिक्षालाई व्यवस्थित ढंगबाट संचालन गर्न तत्कालीन नेपालको शिक्षाको संरचना कस्तो थियो ? भन्ने समस्यामा केन्द्रित भएर यस अनुसन्धान लेख तयार गरीएको छ । संस्कृत तथा पाश्चात्य शिक्षालाई व्यावस्थापन गर्ने विद्यालयहरु कसरी संचालन भए भन्ने विषयनै यस अनुसन्धानको मुख्य समस्या हो ।

**अध्ययनको उदेश्यहरु**

१. राणाकालीन नेपालको विद्यालय र विद्यालय संरचनाको चर्चा गर्नु।

२. राणाकालीन नेपालमा पठनपाठन हुने पाठ्यवस्तुको विशलेषण गर्नु ।

**अनुसन्धान प्रश्न**

१. राणाकालीन नेपालमा संचालन भएका विद्यालयको संरचना कस्ता थिए ?

२. राणाकालीन नेपालमा के कस्ता विषय वस्तुहरु पठनपाठन हुन्थ्यो।?

**अध्ययनको विधि**

यस अनुसन्धान लेखमा गुणात्मक विधि अर्न्तगत कथालेखन ढाँचाको प्रयोग गरिएको छ ।प्रस्तुत लेखमा समावेश गरिएको सुचनाहरु दस्तावेज अध्ययनको माध्यमबाट संकलन गरिएको छ । राणाकालीन ग्रन्थ, लेख, पुस्तक लगायत अन्य दस्तावेजहरुको अध्ययन नै सुचना संकलनको मुख्य आधार बनाइएको छ । ऐतिहासिक अनुसन्धान विधिमा आधारित रहेर सुचनाहरु पुर्णतया द्धितीय श्रस्रोतबाट छ । प्राप्त सुचनाहरुलाई वर्णनात्मक र विश्लेषणात्मक विधि बाट प्रस्तुत गरिएको छ ।

**व्याख्या तथा विश्लेषण**

राणाकालीन नेपालको शिक्षा सम्बन्धी विभिन्न सुचनाहरुलाई दस्तावेज अध्ययनको माध्यमबाट संकलन गरी कथा लेखन ढाँचामा व्याख्या तथा विश्लेषण गरिएको हुँदा प्रस्तुत अनुसन्धान लेख गुणात्मक ढाँचामा तयार गरीएको छ । प्राप्त सुचनाहरुलाई आवश्यक अनुसार व्याख्या तथा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

**प्रारम्भिक पाठशाला**

वि. सं. १९५८ मा बझाडी राजा जयपृथ्वी बहादुर सिंह पण्डित हरिहर अर्याल र पण्डित दिव्यदेव पन्तको सल्लाहामा विद्यानुरागी प्रधानमन्त्री देवशमशेरले शिक्षाको प्रचार गर्ने उद्देश्य राखी उपत्यका र बाहिर समेत गरी एकै पटक ५७ वटा प्रारम्भिक पाठ्शालाहरू खोलेका थिए । उनको छोटो कार्यकाल पछि धेरै पाठशालाहरू बन्द भए । यसरी खुलेको भाषा पाठ्यशालाको उपयोग नेपाली जनताले प्राप्त गर्न सकेन (लोहनी, २०४५:२) ।

**सम्वत् १९९५ सालको शिक्षाको इश्तिहार**

राणा प्रधानमन्त्री जुद्धशमशेरको कार्यकालमा शिक्षाको बढ्दो मागलाई दृष्टिगत गरी एक शिक्षा सम्बन्धी महत्वपूर्ण इश्तिहार जारी भई निजी विद्यालय खोल्न अनुमति प्रदान गरिएको थियो । तत्कालीन इन्स्पेक्टर जनलर अफ पब्लिक इन्सट्क्सनको अनुमति लिएर विद्यालय सञ्चालन गर्न सकिन्थ्यो । सोही प्रावधान अनुसार वि. सं. १९९८ सम्म नेपालभर सरकारीमा र निजी गरी ४ वटा माध्यमिक विद्यालय र २०० वटा प्राथमिक विद्यालयहरू खुलेका थिए (लोहनी, २०४५:२) ।

**प्राथमिक भाषा पाठशाला**

बढी भन्दा बढी जनतालाई साक्षर गराउन अर्थात् जनसाधारणलाई लेखपढ र अंकको ज्ञान गराउने उद्देश्यबाट वि. सं.

१९५८ सालमा प्रधानमन्त्री देवशमशेरले व्यापक रूपमा भाषा पाठशालाहरू खोल्न लगाएका थिए । जय पृथ्वीबहादुर सिंह, हरिहर आचार्य, दिव्यदेवपन्त, मोतीराम भट्ट आदि यस प्रकारको शिक्षाको अभियन्ता तथा सल्लाहकार थिए । भाषा पाठशालामा पढाउने पाठ्य विषयहरूमा गोरखा शिक्षा, अंकगणित, स्तोत्रावली, आरोग्य शिक्षा र व्याकरण थिए । देवशमशेरको कार्यकाल पछि यी भाषा पाठशाला मध्ये धेरै बन्द भए । त्यस पछि खोलेका विद्यालयहरूले पुनः संस्कृत शिक्षालाई नै महत्व दिइएका थिए (लोहनी, २०४५:३०) । वि. सं. २००६ को एस्.एल्.सी. कोर्षमा अनिवार्य गणितको सट्टा ५० अंकको नेपाली श्रेस्ता र ५० अंकको अंकगणित समावेश गरियो । नेपाली श्रेस्ता लिएर एस्.एल्.सी. उत्तीर्ण हुने निजामती सेवामा खुल्ला गरिएपछि शिक्षाको महत्व कम भयो । वि. सं. २०१८ को सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदनको कार्यान्वयन पछि निजामती शिक्षालाई खारेज गरियो (लोहनी, २०४५:३०) । शिक्षाको इश्तिहारको आधारमा निजी तथा सरकारी विद्यालयको स्थापनाले विद्यालय स्थापनामा राज्यले शिक्षा प्रति सकारात्मक सोच राखेको देख्न सकिन्छ ।

**आधार शिक्षा**

वि. सं. २००४ मा गान्धीवादी भारतीय शिक्षाको प्रभावमा नेपालमा पनि आधार शिक्षाको शुरुवात भयो । यस्तो शिक्षामा श्रमलाई उचित स्थान दिइएको थियो । यसमा धागो कताई, बुनाइ, काठको काम बागवानी आदि विषयको प्रयोगात्मक र व्यावहारिक पक्ष सिकाइन्थ्यो । यस्तो शिक्षामा समावेश गरिएका पाठ्य विषयहरूमा अंकगणित, इतिहास, भूगोल, नागरिक जीवन, स्वास्थ्य, पी.टी., प्राथना, ग्रामीण विकास सम्बन्धी क्रियाकलाप पनि समावेश गरिएको थियो । विद्यालयमा ४४ प्रतिशत पाठ्यभार गणित र विज्ञानको निमित्त छुट्टयाईएको थियो । वि. सं. २०१९ सम्ममा ४१ वटा आधार स्कूल र १३ वटा माध्यमिक स्कूलहरू साधारण मा.वि. मा परिणत भएका थिए (लोहनी, २०४५:३१) ।

**व्यावसायिक बहुउद्देश्यीय माध्यमिक शिक्षा**

माध्यमिक तहको शिक्षा पूरा गर्ने अधिकांश विद्यार्थीहरू एस्.एल्.सी. परीक्षामा अनुत्तीर्ण हुने र एस्.एल्.सी. उत्तीर्ण हुने विद्यार्थी पनि उच्च शिक्षाबाट वञ्चित भएका थिए । यस्तो अवस्थालाई ध्यान दिएर व्यावसायिक शिक्षालाई सामान्य परिमार्जन गरिएको थियो (लोहनी, २०४५:३१) । औपचारिक शिक्षामा व्यावसायिक शिक्षाको इतिहास हेर्दा वि. सं. २००१ सालमा तयार गरिएको एस्.एल्.सी.पाठ्यक्रममा अतिरिक्त विषयको रूपमा व्यावसायिक विषय पढाउन सिफारिस गरिएको थियो (लोहनी, २०४५:३२) ।

**राणाकालीन नेपालको संस्कृत शिक्षा**

संस्कृत शिक्षा नेपालको परम्परागत शिक्षा हो । संस्कृत शिक्षाको संस्थागत परिपाटी रानीपोखरी संस्कृत पाठशालाबाट शुरुभयो । यस संस्कृत पाठशालामा सर्वमान्य संस्कृत प्रथम परीक्षा र संस्कृत पूर्व मध्यमाका लागि पढाइ हुन्थ्यो । वि. सं. १९८२ मा संस्कृत प्रथमा परीक्षाको पाठविषय निम्न अनुसार निर्धारण गरिएको थियो । जस्तै- लघुकौमुदी, रघुवंश, श्रुतबोध, तर्क संग्रह, गणित, संस्कृत परिचय, हितोपदेश, अनुवाद र व्युत्पत्ति आीद समावेश गरिएको थियो (लोहनी, २०४५:३६) ।

संस्कृत प्रथमा उत्तीर्ण गरिसकेपछि संस्कृत प्रधान पाठशालामा विद्यार्थीहरूका लागि मध्यमाको पढाइको व्यस्था पनि गरिएको थियो । मध्यमा परीक्षाका लागि संस्कृत व्याकरण, ज्योतिष, वेद, न्याय र संस्कृत साहित्यसहित पाँच विषय मध्ये कुनै एक मुख्य विषय लिनु पर्ने र सम्पूर्ण मध्यमाको ४ वर्षे अवधिका लागि पाठ्य विषयहरू निम्न अनुसार तोकिएको थियो :

संस्कृत व्याकरणः- सिद्धान्त कौमुदी, माघ किराँत, दश कुमार चरित्र, व्यक्तचन्द्रिका, मुक्तावली र अनुवाद तथा व्युत्पत्ति ।

ज्योतिषः- सिद्धान्त कौमदी, दशकुमार चरित्र, लीलावती, बीजगणित, रेखागणित, माघ किराँत, मुहूर्त चिन्तामणि आदि ।

न्याय ः-मुक्तावली सांख्यतत्व, कौमुदी, मथुरी, पञ्चलक्षणी आदि ।

वेदः- शुक्ल यजुर्वेद (लोहनी, २०४५: ३७) ।

वि.सं.२००४ सालमा संस्कृत शिक्षामा आधुनिक विषयहरूको अध्यापन समावेश गर्न विद्यार्थीहरूले आन्दोलन गरेपछि संस्कृत पाठ्यक्रममा नेपालको भूगोल र इतिहास समावेश गरियो (लोहनी, २०४५:३८) ।

**राणाकालीन नेपालको अंग्रेजी शिक्षा *प्राथमिक तर्फ***

भारतमा प्रचलित अंग्रेजी शिक्षा पाठ्यक्रमको नमूना अनुरूप नेपालमा पनि अंग्रेजी शिक्षाको शुरुवात गरिएको हो । वि. सं. १९९७ मा तर्जुमा गरिएको प्राथमिक तह कक्षा १-५ र कक्षा ६, ७ र ८ मा सिफारिस भएका पाठ्य विषयहरू यस प्रकार छन्: अंग्रेजी, नेपाली, संस्कृत, अंकगणित वा गणित, इतिहास र भूगोल, चित्रकला, खेलकुद आदि (लोकनी, २०४५:४०) ।

प्राथमिक तह कक्षा १ र २ मा अंग्रेजी भाषा ऐच्छिक थियो । यस तहमा अंकगणितको मात्र पढाइ र कक्षा ६ बाट पाठ्य विषयमा ज्योतिष र बीजगणित समेत समावेश गरिएको थियो (लोहनी, २०४५:४१) ।

***माध्यामिक विद्यालय तर्फ***

वि. सं. १९९० मा एस्.एल्.सी. बोर्डको स्थापना हुनुभन्दा अघि नेपालमा प्रचलित माध्यमिक तहको अंग्रेजी शिक्षाको पाठ्यक्रम पहिले कलकत्तामा म्याट्रिक परीक्षा र पछि पट्ना विश्वविद्यालय अन्तर्गतको माध्यमिक शिक्षा अन्तर्गत रहेको थियो । त्यस वखत माध्यमिक शिक्षाको पढाइ समाप्त भएपछि नेपाली विद्यार्थीहरूले प्रमाण-पत्र तह अध्ययनका लागि भारतमा परीक्षा दिन जानु पर्दथ्यो । वि. सं. १९८१ बाट मात्र माध्यमिक शिक्षाको अन्तिम परीक्षा एस्.एल्.सी. को केन्द्र काठमाडौंमा खुलेको हो (लोहनी, २०४५:४५) । ***एस्.एल्.सी.बोर्डको स्थापना***

वि. सं. १९९० मा माध्यमिक शिक्षाको अन्तिम परीक्षा सञ्चालन गर्नको लागि एस्.एल्.सी. बोडको स्थापना भयो । यसरी गठन गरिएको एस्.एल्.सी. बोर्डले तयार गरेको नेपालको माध्यमिक तहको पाठ्यक्रमलाई तालिकामा निम्नानुसार देखाइएको छ ।

उपर्युक्त पाठ्यक्रममा वि.सं. १९९५ मा अतिरिक्त पत्रको वैकल्पिक विषय प्रारम्भिक विज्ञान समावेश गरिएको थियो । परीक्षा बोर्डको गठन भए लगत्तै तयार गरिएको उक्त एस्.एल्.सी. पाठ्यक्रम भारतीय माध्यमिक शिक्षा पाठ्यक्रमको नक्कल गरिएको थियो (लोहनी, २०४५: ४५) । वि.सं. २००१ सालमा नेपाली शिक्षाविद्हरूबाट एस्.एल्.सी. पाठ्यक्रममा नेपालीकरण गर्ने प्रयास गरिएको थियोस जस अनुसार एस्.एल्.सी. पाठ्यक्रम ९०० पूर्णाङ्क कायम गरियो ।

तालिका -१ *वि..सं. १९९० को एस्.एल्.सी.बोर्डको पाठ्यक्रम*

| क. सं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १. | नेपाली/पाली/संस्कृत/अन्य | १०० |
| २. | अंग्रेजी | १०० |
| ३. | कम्पोजिसन (नेपाली, हिन्दी, वंगाली, उर्दू) | १०० |
| ४. | इतिहास | १०० |
| ५. | भूगोल | १०० |
| ६. | गणित | १०० |
| ७. | अतिरिक्त विषयहरू (गणित, संस्कृत, पाली, पर्सीयन, नेपाली, हिन्दी, उर्दू, वंगाली) | १०० |
| | जम्मा | ७०० |

(स्रोतः लोहनी, २०४५: ४५)

तालिका -२ *वि.सं. २००१ को एस. एल.सी. वोर्डको पाठ्यक्रम*

| क. सं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १. | नेपाली | २०० |
| २. | अंग्रेजी | २०० |
| ३. | इतिहास | १०० |
| ४. | भूगोल | १०० |
| ५. | गणित | १०० |
| ६. | संस्कृत | १०० |
| ७. | अतिरिक्त | १०० |
| | जम्मा | ९०० |

(स्रोतः लोहनी, २०४५: ४५)

अतिरिक्त विषयमा भाषा, गणित र विज्ञानको अतिरिक्त निम्न व्यावसायिक विषय राखिएको थियो। (नेपाली, संस्कृत, गणित, भाषा, इलिमेण्टरी मेकानिकल, इलिमेण्टरी फिजिक्स, केमेष्ट्रि, बोटनी, जियोलजी, कृषि तथा गडेनिङ्ग, स्पिनिङ, संगीत, कमर्स, गृहस्थ विज्ञान, इलिमेण्टरी फिजियोलजी, हाउजिन जनरल साइन्स, चित्रकला, केमिकल टेक्नोलोजी) (लोहनी, २०४५:४६)।

वि.सं. २००५ सालमा एस्.एल्.सी. पाठ्यक्रमको पूर्णाङ्क ९०० बाट कम गरी ८०० कायम गरेर नेपाली श्रेस्ता विषय समेत थप गरी निम्न अनुसार तयार गरियो।

तालिका-३ *वि.सं. २००५ को एस. एल.सी. वोर्डको पाठ्यक्रम*

| क.सं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १. | अंग्रेजी | २०० |
| २. | प्रारम्भिक संस्कृत वा पसिर्यन वा प्राथमिक उपचार | १०० |
| ३. | नेपाली/हिन्दी | १०० |
| ४. | इतिहास वा भूगोल | १०० |
| ५. | अंकगणित ˙ नेपाली श्रेस्ता वा गृहविज्ञान | १०० |
| ६. | सामान्य विज्ञान/प्रारम्भिक नागरिकशास्त्र/भूगोल/ संस्कृत/ कृषि | १०० |
| ७. | अतिरिक्त | १०० |
| | जम्मा | ८०० |

अतिरिक्त विषय तर्फ नेपाली, संस्कृत, वंगाली, उर्दू, मराठी, तिब्बती, फ्रेन्च, हिन्दी मैथिली, प्रारम्भिक मेकानिकल, प्रारम्भिक भौतिक तथा रसायन शास्त्र, म्यानुयल, ट्रेनीङ्ग, बोटानी जियोलजी, कृषि तथा उद्यान, कटाइ, मेकानिलक टेक्नोलजी, संगीत, वाणिज्य, गृहविज्ञान, प्रारम्भिक हाइजीन तथा फिजियोलजी, सामान्य विज्ञान, चित्रकला (लोहनी, २०४५:४७)।

***त्रि-चन्द्र कलेजको स्थापना***

राणा प्रधानमन्त्री चन्द्रशमशेरको समयमा नेपालमा उच्च शिक्षा अध्ययनको लागि एक कलेज खुलेको थियो। प्रधानमन्त्री चन्द्रशमशेर बेलायत भ्रमणबाट फर्केपछि यूरोपमा भएको विकासको कारण शिक्षा नै हो भन्ने ठहर भए बमोजिम काठमाडौं फर्के पछि उनले आफ्नो भाइभारदारसँग सल्लाह गरी वि. सं. १९७५ भाद्र २३ गते त्रि-चन्द्र कलेजको स्थापना गरेका थिए (पौडेल, २०४२:१८६)। वि. सं. १९८० देखि त्रि-चन्द्र कलेजको सम्बन्ध कलकत्ता विश्वविद्यालयसँग रहेको थियो। वि. सं. १९८० देखि २०१६ सम्म पटना विश्वविद्यालयसँग सम्बन्ध रहेको थियो भने वि. सं. २०१६ सालमा त्रि-चन्द्र कलेजको सम्बन्ध त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा रहेको छ (लोहनी, २०४५:१३४)। स्थापनाको समयमा मानविकी तर्फको प्रमाण-पत्र तहबाट अध्यापन शुरु भएको यस कलेजमा वि. सं. १९७७ देखि विज्ञानमा प्रमाण-पत्रको अध्ययन अध्यापन सुरु गरिएको थियो। त्रि-चन्द्र कलेजमा मानविकी तर्फको स्नातक हुँदै वि. सं. २००४ सालबाट विज्ञानमा पनि स्नातकको अध्ययन कार्य शुरु गरिएको हो (पौडेल, २०५०: १३४) त्रि-चन्द्र कलेजमा अध्ययन गर्ने विद्यार्थीले वि. सं. १९९२ देखि नेपालको परीक्षा केन्द्रबाट परीक्षा दिन पाउने भएको थियो।

वि.सं. १९७५ मा काठमाडौंमा त्रि-चन्द्र कलेज खुल्दा कलेजमा जम्मा ५ जना विद्यार्थी भर्ना भएका थिए। ती विद्यार्थीहरूमा भैरव बहादुर प्रधान, नरशमशेर जवरा, जगतमान

वैद्य, रुद्रमान् आदि थिए (पौडेल, २०३८:२३१) । कलेज स्थापनाको उद्देश्य शैक्षिक विकास गर्नु नभई कलेज स्थापना भएको छ भनी देखाउन मात्र रहेको थियो (पौडेल, २०३८:३३१) । नेपालको विद्यालयबाट एस्.एल्.सी. उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनको लागि भारत गएका विद्यार्थीबाट राणा विरोधी भावना नेपालमा आउन नपाओस भन्नका लागि त्रि-चन्द्र कलेजको स्थापना भएको थियो । तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले कलेज उद्घाटन पछि "आज मेरो खुट्टामा मैले नै बञ्चरो हाने" भन्ने भाषणबाट उक्त कुरालाई पुष्टि गर्न सकिन्छ (पौडेल, २०३८: ३३१) । कलेजमा अध्ययन गर्ने विद्यार्थी अधिकांश शहरिया ठूला खानदानका उच्च जातका हुन्थे । कलेजमा विद्यार्थीहरूलाई खेलको सामग्री क्यारमबोर्डको व्यवस्था गरिएको थियो । नेपालबाट एस्.एल्.सी. पास हुने छात्र/छात्रालाई त्रि-चन्द्र कलेजमा पढ्न निःशुल्क व्यवस्था मिलाइएको थियो (पौडेल २०३८: ३३५) ।

**निस्कर्ष**

राणाकालीन नेपालमा परम्परागत रुपमा चलेको संस्कृत शिक्षा नेपाली भाषा पाठशाला र अंग्रेजी शिक्षा गरी तीन प्रकारको विद्यालयहरु संचालनमा आएका थिए । वि.स. १९९५ मा एकप्रकारको कानुन शिक्षाको लागु गरी विद्यालयको व्यावस्थापन गरिएको थियो । उपत्यका बाहिर ठूलो संख्यामा विद्यालय खुलेका थिए । विद्यालयहरुलाई प्रारम्भिक पाठशाला, भाषा पाठशाला, आधार शिक्षा व्यावसाहिक शिक्षा, संस्कृत शिक्षा, अंग्रजी शिक्षा गरी विभिन्न चरणमा विभाजन गरिएको थियो । हरेक विद्यालयको लागि छुट्टाछुट्टै पाठ्यवस्तु तयार गरिएको थियो । शरुमा कलकत्ता विश्वविद्यालय र पछि परना विश्वविद्यालय संग समन्वय गरी एस.एल.सी. बोर्डको स्थापना भएको । उच्च शिक्षा नेपालमा नै दिने उपायले त्रिचन्द्र कलेजको स्थापना भएको थियो ।

**सन्दर्भग्रन्थ सूची**

खत्री तथा दहाल (२०५३), *आधुनिक नेपालको सामाजिक इतिहास,* ललितपुरः साझा प्रकाशन ।

पौडेल, लेखनाथ (२०५५), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

लोहनी, भोला प्रसाद (२०४५), *नेपाल अधिराज्यको विद्यालय शिक्षा,* ललितपुरः साझा प्रकाशन ।

सुवेदी राजाराम (२०६१), *नेपालको तथ्य इतिहास,* ललितपुरः साझा प्रकाशन ।

शर्मा गोपीनाथ (२०६२), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौँः मकालु प्रकाशन

शर्मा गोपीनाथ (२०६७), *नेपालमा शिक्षाको इतिहास भाग -२,* काठमाडौँः मकालु प्रकाशन ।

शर्मा गोपीनाथ (२०६८), *नेपालमा शिक्षाको इतिहास भाग -१,* काठमाडौँ : मकालु ।